# स्थानीय राजपत्र

## चन्द्रकोट गाउँपालिकाद्वारा प्रकाशित

चन्द्रकोट, खण्डः ५ भागः २ संख्याः १६, मितिः २०७९/०८/२५ गते


### भाग-२

### चन्द्रकोट गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर गुल्मी

चन्द्रकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ३ को अधिकार प्रयोग गरी चन्द्रकोट गाउँ कार्यपालिकाले बनाएको यो कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

# चन्द्रकोट गाउँपालिका रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावना:** जनसहभागिता परिचालन मार्फत सञ्चालन गरिने आयोजनामा हेभी प्रकृतिका मेशिनको प्रयोगलाई क्रमश: निरुत्साहित गर्दै त्यस्ता मेशिनको प्रयोगबाट स्थानीय बाताबरणमा हुन सक्ने भुक्षय तथा पहिरो जस्ता नकारात्मक असरलाई न्यूनिकरण गर्न त्यस्ता आयोजना निर्माणमा स्थानीय श्रम, सीप तथा सामग्रीको अधिकतम प्रयोग गरी दिगो विकासको अवधारणालाई प्रवर्धन गर्न एवम् त्यस्ता आयोजनाबाटै स्थानीयस्तरमा रोजगारीको अवसर सिर्जना गरी गाउँपालिका क्षेत्रभित्रको गरिबी क्रमश: न्यूनिकरण समेत गर्ने ध्येयले रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को दफा २४ बमोजम चन्द्रकोट गाउँपालिकाको चन्द्रकोट गाउँपालिका रोजगार कार्यक्रमलाई पारदर्शी, प्रभावकारी रुपमा कार्यन्वयन गर्न वाञ्छनीय भएकोले ,चन्द्रकोट गाउँपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो कार्यविधिको नाम "चन्द्रकोट गाउँपालिका रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" हुनेछ।

(२) यो कार्यविधि चन्द्रकोट गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

**२.परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "गाउँपालिका" भन्नाले चन्द्रकोट गाउँपालिका गुल्मीलाई सम्झनु पर्दछ।

(ख) "कार्यक्रम" भन्नाले कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गर्न चन्द्रकोट गाउँपालिका रोजगार कार्यक्रमबाट विनियोजन हुने कार्यक्रमहरु सम्झनुपर्दछ।

(ग) "कार्यपालिका" भन्नाले चन्द्रकोट गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "उपभोक्ता समिति" भन्नाले आयोजना कार्यन्वयन स्थलका आयोजनामा प्रभावित समुदायबाट गठित आयोजना सम्पन्न गर्ने जिम्मेवारी समितिलाई सम्झिनु पर्दछ।

(ङ) "समुदाय" भन्नाले टोल, गाउँ वा वस्तिस्तरमा बसोबास गर्ने व्यक्तिको समुह वा समाजलाई सम्झनु पर्दछ।

(च) "अनुगमन समिति" भन्नाले यस कार्यविधिको दफा १५(१) बमोजिमको अनुगमन समितिलाईसम्झनु पर्दछ।

## परिच्छेद- २
## रोजगारमुलक आयोजनाको प्रकृति

**३. आयोजनाको प्रकृतिः** यस कार्यविधि अनुसार रोजगारमुलक आयोजनाको प्रकृति देहाय अनुसार हुनेछः

(१) स्थानीय तहले सूचिकृत बेरोजगार ब्यक्तिलाई रोजगारीमा सलग्न कामका लागि पारिश्रमिकमा आधारित देहायको प्रकृतिका रोजगार आयोजना संचालन गर्न सक्नेछ।

(क) सार्वजनिक पुर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजना: सुचिकृत बेरोजगार व्यक्तिलाई काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी कामका लागि पारिश्रमिकमा आधारित निर्माण कार्यसँग सम्बन्धित समुदाय स्तरको आयोजना संचालन।

(ख) सार्वजनिक पूर्वाधार मर्मत सम्भारमा रोजगारमुलक आयोजना: स्थानीय तहभित्रका सार्वजनिक पुर्वाधारहरुको मर्मत कार्यमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिलाई खटाइ कामका लागि पारिश्रमिकमा आधारित आयोजना संचालन।

(ग) श्रमिकको ज्याला रकममा साझेदारी आयोजना: सार्वजनिक क्षेत्रबाट कार्यन्वयनमा रहेका आयोजना सुचिकृत बेरोजगारलाई संलग्न गराइ सोको लागि आवश्यक ज्याला वापतको रकममा यस कार्यक्रमको पूर्ण वा आंशिक साझेदारी गरिने आयोजनाको संचालन।

(घ) अन्य सार्वजनिक क्षेत्रका आयोजना: सार्वजनिक रोजगारदाताले संचालन गरेका निर्माण तथा अन्य कार्यमा श्रमिक भएमा रोजगार सेवा केन्द्रले सुचिकृत बेरोजगार खटाइ संचालन।

## परिच्छेद- ३
## आयोजनाको तर्जुमा तथा रोजगारीमा खटाउने प्रक्रिया

**४. आयोजनाको तर्जुमाः** यस कार्यविधि अनुसार बार्षिक योजना तर्जुमा गर्दा र रोजगारीमा खटाउँदा देहाय अनुसार गर्नुपर्नेछः

(१) यस गाउँपालिकाका कार्यक्रमहरुको लागि बार्षिक योजना तर्जुमा गर्दा देहायका श्रम मुलक सामुदायिक आयोजनालाई प्राथमिकता दिनुपर्नेछ।

(क) गरिबी तथा जोखिममा रहेका विपन्न समुदाय र सीमान्तकृत वर्गलाई प्रत्यक्ष रुपमा लाभ दिने,

(ख) उच्च तथा दिगो आर्थिक प्रतिफल प्राप्त हुने किसिमका भौतिक पूर्वाधार निर्माण हुने,

(ग) बढिभन्दा बढि जनसंख्यालाई लाभ हुने,

(घ) स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने,

(ङ) वातावरण संरक्षण र विपद व्यवस्थापन गर्न योगदान पुर्‍याउने,

(२) सामुदायिक आयोजना छनोट गर्दा देहाय बमोजिमका क्षेत्रभित्र पर्ने गरी छनोट गर्नुपर्नेछः

- सडक निर्माण तथा मर्मत सम्भारयस पालिका भित्रका बस्ति, स्वास्थ्य चौकी,विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार,
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार,

(ख) कृषि तथा सिंचाई

- सिचाईका लागि कुलो तथा पैनीको निर्माण तथा मर्मत सम्भार
- पोखरी तथा पानीको मुल संरक्षण एवम् मर्मत सम्भार
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा विवरणको लागि आवश्यक पर्ने फलफुल संकलन तथा बिक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार

(ग) ग्रामिण खानेपानी

- खानेपानी आयोजनाको निर्माण, पाइपलाइन बिस्तार तथा मर्मत सम्भार

(घ) स्वास्थ्य तथा सरसफाई

- सरकारी अस्पताल, स्वास्थ्य चौकी र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार
- फोहोर व्यवस्थानका पुर्वाधार निर्माण तथा सो को मर्मत सम्भार

(ङ) शिक्षा

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खानेपानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण सम्भार

(च) वन तथा जलाधार

- फलफुलको विरुवाको विरुवा रोपण तथा वन जङ्गल संरक्षण
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण

(छ) पर्यटन

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड,विश्राम स्थलको निर्माण तथा मर्मत सम्भार
- उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थलको मर्मत सम्भार एंव संरक्षण

(३) श्रममुलक आयोजना छनोट विधि वा प्रकृयाः

(क) आयोजनाको लागि बजेट सुनिश्चितता चन्द्रकोट गाउँपालिकाको प्रत्येक आ.व.मा गाउँ सभाबाट अनुमोदन चन्द्रकोट गाउँपालिका रोजगार कार्यक्रम अन्तर्गत विनियोजित रकमबाट कार्यक्रम संचालन गरिने छ।आयोजनाहरुबाट प्राथमिकता क्रममा रहेका बेरोजगार ब्यक्तिको संख्याको आधारमा कार्यपालिकाको निर्णायानुसार आयोजना संचालन गर्नुपर्नेछ।

(ख) तर कार्यक्रमबाट प्राप्त भएको बजेटलाई वडाको संख्याका आधारमा दामासाहिले वितरण गर्ने गरी बजेटको विनियोजन तथा सो अनुसार आयोजना कार्यन्वयनमा लागि प्राथमिकताक्रम निर्धारण गर्न पाइने छैन।

(ग) समान उद्देश्य प्राप्तिका लागि अन्य सरकारी निकाय वा गैर सरकारी निकाय वा समुदायमा आधारित संस्थाबाट आयोजना संचालन हुने अवस्थामा दोहोरो नपर्ने गरी लागत साझेदारीको अंश स्पष्ट खुलाइ सहकार्य गर्नुपर्नेछ।

४. **आयोजनाको प्राथमिकिकरणः** रोजगारीमा खटाउन सक्ने आयोजनाको प्राथमिकीकरण देहाय अनुसार हुनेछः

(१) गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत फारम भरेका सुचिकृत बेरोजगार ब्यक्तिलाई रोजगारी उपलब्ध हुने गरी आयोजना कार्यन्वयन गर्नुपर्नेछ।

(२) संचालन हुने आयोजनाबाट सिर्जना हुने रोजगारीमा बेरोजगार ब्यक्तिको सुचिको पहिलो प्राथमिकताक्रममा रहेका ब्यक्तिलाई न्यूनतम १५ दिनको रोजगारीको सुनिश्चितता गरिसकेपछि मात्र अर्को प्राथमिकताक्रमको बेरोजगार ब्यक्तिलाई रोजगारीमा खटाउनु पर्नेछ।

(३) गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत फारम भरेका सुचिकृत बेरोजगार नभएता पनि पिछडिएका बर्ग,विपन्न र एकल महिलालाई पहिचान गरी रोजगारीमा खटाउन सकिनेछ।

(४) बेरोजगार ब्यक्तिको सुचिमा सुचिकृत अपाङ्गता भएको कुनैपनि ब्यक्तिका लागि रोजगारीको हक सुनिश्चित गर्न गाउँपालिकाले देहायको विषेश ब्यबस्था गर्न सक्नेछ।

(क)निजकोशारीरिक अवस्था र शैक्षिक योग्यताका आधारमा उपयुक्त रोजगारीका अवसर उपलब्ध भए त्यस्तो रोजगारीमा निजलाई प्राथमिकता दिई खटाउने।

(ख) निजको व्यवसाय प्रस्ताव (बिजनेस प्रपोजल) सहितको निवेदनका आधारमा बढीमा तिन महिनाकोनि:शुल्क स्व: रोजगारमुलक व्यवसायिक तथा सीपमूलक तालिम दिने व्यवस्था गरी सहुलियतपूर्ण ऋणका लागि सम्बन्धित निकायमा सिफारिस र सहजिकरण गर्ने।

५. **बजेटको विनियोजनः**यस कार्यविधि अनुसार आयोजनामा बजेटको विनियोजन देहाय अनुसार हुने व्यवस्था रहनेछ।

(१)चन्द्रकोट गाउँपालिका रोजगार कार्यक्रमबाट विनियोजन भएको बजेट रकम श्रमिकको ज्यालामा खर्च गर्नुपर्नेछ।

(२)चन्द्रकोट गाउँपालिका रोजगार कार्यक्रमको लागि आवश्यक औजार सामग्री गाउँपालिकाबाट खरिद गर्नुपर्ने छ।

**६.आयोजना प्रक्रिया र अधिकतमसीमाः**यस कार्यविधि अनुसार आयोजना प्रक्रिया र अधिकतम सीमा देहाय अनुसार हुनेछ।

(१) यस कार्यक्रम अन्तर्गत कार्यन्वयन हुने आयोजनाहरु स्थानीय तहको बार्षिक कार्यक्रममा समावेश भएको हुनुपर्देछ।

(२)गाउँपालिका रोजगार कार्यक्रमको स्रोतबाट मात्र संचालन हुने आयोजना लागत सीमा अधिकतम रु पाँच लाख सम्मको हुनेछ।

## परिच्छद-४

## आयोजनाको तर्जुमा तथा रोजगारीमा खटाउने प्रक्रिया

**७.लागत अनुमानः** (१)गाउँपालिका ले आयोजना कार्यन्वयन गर्दा प्राविधिक लागत अनुमान ड्रइङ्ग डिजाइन आदि समेत तयार गरी कार्यन्वयन प्रक्रियामा लैजानु पर्नेछ।

**८.आयोजना स्थलः** यस कार्यविधि अनुसार आयोजना स्थल देहायमा उल्लेख भए अनुसार हुनेछः

(१)गाउँपालिका रोजगार कार्यक्रमको एउटा आयोजना सम्भव भएसम्म एउटा वडाभित्र मात्रै संचालन गर्नुपर्नेछ।सो सम्भव नभएको अवस्थामा एक आपसमा सिमा जोडिएको वडामा संचालन गर्न सकिनेछ।

**९.लाभग्राहिको छनोटः**(१)आयोजनामा काम गर्न चाहने ब्यक्ति एवम् लाभग्राहिको छनोट कार्यपालिकाको बैठकबाट गर्नुपर्नेछ।

**१०. रोजगार उपभोक्ता समिति सम्बन्धी व्यवस्थाः** यस कार्यविधि अनुसार रोजगार उपभोक्ता समिति सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछ।

(१) यस कार्यविधि बमोजिम रु एक लाख भन्दा बढी लागतको आयोजना संचालन गर्न सम्बन्धित गाउँपालिकाले आयोजनागत रुपमा खटाइएका श्रमिकहरु मध्यबाट एकजना अध्यक्ष,एक जना सचिव र एक जना कोषाध्यक्ष सहित बढीमा सात सदस्यीय रोजगार उपभोक्ता समिति गठन गर्नुपर्नेछ।

(२) रोजगार उपभोक्ता समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्य कम्तिमा अन्य सदस्यहरु मध्ये कम्तिमा २ जना महिला हुनुपर्नेछ।

(३) रोजगार उपभोक्ता समितिमा रहने व्यक्तिको योग्यता

(क)सरकारी नगद तथा जिन्सी मासेको वा सरकारी सम्पति हिनामिना गरेको वा सरकारी पेश्की बेरुजु रहेको नभएको,

(ख) कुनैपनि राजीनिक दलको कार्यकारी पदमा नरहेको,

(ग)नीजको परिवारको अन्य सदस्य सोहि समितिमा नरहेको,

(४) रोजगार उपभोक्ता समितिमा रहने श्रमिक आयोजनामा संचालन हुने वडाको स्थायी बासिन्दा हुनु पर्नेछ।यदि आयोजना संचालन हुने वडाको स्थायी बासिन्दा भएको श्रमिक उपलब्ध नभएमा सम्बन्धित गाउँपालिकाका वडाहरुमध्ये आयोजना संचालनहुने वडाबाट सबैभन्दा नजिक रहेको वडाको स्थायी बासिन्दा भएको श्रमिकहरुमध्येबाट रोजगार उपभोक्ता समितिको पदाधिकारीमा छनोट गर्नुपर्नेछ।

(५) रोजगार उपभोक्ता समितिका पदाधिकारीको पदावधी आयोजना अवधिभर रहनेछ।

(६)रोजगार उपभोक्ता समितिमा पदाधिकारीहरुले समेत अन्य श्रमिकहरु सरह नै काम गर्नुपर्नेछ। उनीहरुले समितिको पदाधिकारी भएकै कारणले काम गरेवापतको ज्याला वाहेक अन्य कुनैपनि सुविधा प्राप्त गर्ने छैनन्।

(७)गाउँपालिका ले आयोजनामा खटिएका श्रमिकलाई रोजगार उपभोक्ता समिति गठनका लागि समितिमा अध्यक्ष र अन्य पदाधिकारीहरुको नाम प्रस्ताव गर्न तीन दिनको समय दिनु पर्नेछ। सो समय भित्र सहमति कायम हुन नसकेमा सम्बन्धित गाउँपालिकाले नै अध्यक्ष र अन्य पदाधिकारी तोकी रोजगार उपभोक्ता समिति गठनको निर्णय गर्नुपर्नेछ।

**११. रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः** (१)रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः

(क) गाउँपालिकासँग आयोजना सम्झौता गरी सो बमोजिम आयोजनाको कार्यन्वयन र व्यवस्थापन गर्ने गराउने

(ख) श्रमिकको हाजिरी अभिलेख राख्ने

(ग) प्राविधिकलाई आयोजनाको प्रतिवेदन तथा तयार पार्न आवश्यक जानकारी दिने र सहजिकरण गर्ने

(घ) श्रमिकले रोजगारी गरेको दिनको हिसाब गरी गाउँपालिका. बाट सो बराबरको रकम सिधैं श्रमिकको बैंक खातामा निकासा गराउन सहजिकरण गर्ने।

**१२. काममा लगाउनेः** (१)रोजगार उपभोक्ता समितिले आयोजना संचालन गर्दा श्रमिक समुह गठन गरी काममा परिचालन गर्नुपर्नेछ।

**१३. बैंक खाता संचालनको सम्बन्धमाः** (१)श्रमिकको ज्याला वापतको रकम आफ्नै नाममा बैंक खाता खोली बैंक मार्फत भुक्तानी गराइनेछ।

(क) अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट समितिको बैंक खाता संचालन हुनेछ।

(ख) यस कार्यविधि बमोजिमका आयोजनामा हुने खर्च बैंक मार्फत गर्नु पर्नेछ।

**१४. निर्देशन तथा समन्वयः** यस कार्यविधि अनुसार संचालन हुने आयोजना तथा कार्यक्रमको निर्देशन, अनुगमन, समन्वय तथा सहजीकरण देहाय बमोजिम हुनेछः

(१)यस कार्यविधि बमोजिम संचालन हुने आयोजनालाई अनुगमन मूल्याङ्कन समितिले आवश्यकता अनुसार निर्देशन, अनुगमन तथा समन्वय गर्नेछ ।

(२) गाउँपालिकाभित्र संचालन भएका रोजगार आयोजनाको अनुगमन समन्वय र सहजिकरणको जिम्मेवारी सम्बन्धित गाउँ कार्यपालिकाको हुनेछ।

(३) वडाभित्र संचालन हुने रोजगार आयोजनाको अनुगमन समन्वय र सहजिकरणको जिम्मेवारी सम्बन्धित वडा समितिले गर्नेछ ।

**१५. आयोजनाको अनुगमन मूल्याङ्कन** (१)चन्द्रकोट गाउँपालिका रोजगार कार्यक्रम संचालन र यसको प्रभावकारी अनुगमन र मूल्याङ्कनका लागि देहाय बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिने छ।

(क) संयोजक- गाउँपालिका उपाध्यक्ष
(ख) सदस्य- प्रमुख प्रशासकीय अधिकृत
(ग) सदस्य- गाउँपालिका अध्यक्षले तोकेको एक जना वडा अध्यक्ष
(घ) सदस्य- सामाजिक विकास समितिको संयोजक
(ङ) सदस्य- योजना तथा अनुगमन शाखा प्रमुख
(च) सदस्य- पूर्वाधार विकास शाखा प्रमुख
(छ) सदस्य सचिव- रोजगार संयोजक

(२)आयोजनाको नियमित प्राविधिक निरीक्षण तथा सुपरिवेक्षण स्थानिय तहले तोकेको प्राविधिक कर्मचारीले गर्नु पर्नेछ।

**१६. श्रमिकको ज्याला भुक्तानीः** (१)गाउँपालिका तहले श्रमिकको ज्याला सम्बन्धित रोजगार उपभोक्ता समितिको निर्णय र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्बन्धित वडाको सिफारिस बमोजिम श्रमिकको बैंक खातामा भुक्तानी गर्नु पर्नेछ ।

**१७. प्रतिवेदनः** (१)चन्द्रकोट गाउँपालिका रोजगार कर्यक्रम मार्फत प्रदान गरिएका सहयोगको वार्षिक प्रगति प्रतिवेदन गाउँसभा समक्ष प्रस्तुत गर्नु पर्नेछ।

**१८. कार्यविधि संशोधनः** (१)यो कार्यविधि प्रचलित कानुनसँग बाझिएमा वा संसोधनको आवश्यकता देखिएमा कार्यपालिकाको बैठकबाट आवश्यक संशोधन गरि स्वीकृत गर्न सकिने छ।

आज्ञाले
विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत